यी दुवैलाई सजाय दिइँदैछ र उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैन । तिनीहरूमध्ये एक पिसाबबाट बच्दैन्थे र अर्को चुक्ली गर्थे

अब्दुल्लाह बिन अब्बास (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूबाट गुज्रनुभयो र भन्नुभयो: " यी दुवैलाई सजाय दिइँदैछ र उनीहरू कुनै ठूलो पापको कारणले दण्डित भइरहेको छैन । तिनीहरूमध्ये एक पिसाबबाट बच्दैन्थे र अर्को चुक्ली गर्थे ।" त्यसपछि उहाँले खजुरको एउटा ताजा हाँगा लिनुभयो र त्यसलाई दुइभागमा च्यातेर प्रत्येक चिहानमा एक भाग गाड्नुभयो । साथीहरूले सोधे, हे अल्लाहका रसूल ! त्येस्तो किन गर्नुभएको ? उहाँले जवाफ दिनुभयो: "सायद यी दुई
हाँगाहरू नओइलिएसम्म उनीहरूको पीडा हलुका हुनसक्छ ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) दुई चिहानहरूबाट गुज्रनुभयो र भन्नुभयो: यी दुई कब्रमा भएका व्यक्तिहरूलाई सजाय दिइँदैछ।; तिमीहरूलाई सानो लाग्ने कुरा नै यसको कारण हो, तर त्यो अल्लाहको नजरमा ठूलो दोष हो। यी दुई मध्ये एक जनाले पिसाब गर्दा आफ्नो शरीर र कपडालाई पिसाबबाट जोगाउन ध्यान दिएनन् । र अर्को व्यक्ति मानिसहरूबीच चुगली गर्थ्यो, अरूका कुरा यस उद्देश्यले फैलाउँथ्यो कि अरूलाई हानी पुगोस् र मानिसहरूबीच विवाद र मनमुटाव उत्पन्न होस्।

https://sunnah.global/hadeeth/ne/show/3010